# स्थानीय राजपत्र

यशोधरा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८)  संख्याः ३  मिति : माघ १४ गते २०८१


भाग : २

यशोधरा गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम यशोधरा गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## यशोधरा गाउँपालिकाको संघ संस्था परिचालन कार्यविधि, २०८१(पहिलो संशोधन)

**प्रस्तावना :**

यशोधरा गाउँपालिकाको संघ संस्था परिचालन कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम “यशोधरा गाउँपालिकाको संघ संस्था परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८१” रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ ।

२. <u>यशोधरा गाउँपालिकाको संघ संस्था परिचालन कार्यविधि, २०८१ को दफा ४ मा संशोधन :</u> यशोधरा गाउँपालिकाको संघ संस्था परिचालन कार्यविधि, २०८१ (यसपछि “मूल कार्यविधि” भनिएको) को दफा ४ को-

(१) बुदा (क) “संघ संस्थाहरु” भन्ने शब्दहरुको सट्टा “संघ संस्था तथा फर्महरु” भन्ने शब्दहरु राखिएको छ ।

३. <u>मूल कार्यविधिको दफा ७ मा संशोधन :</u> मूल कार्यविधिको दफा ७ (ङ) को सट्टा देहायको दफा ७ (ङ) राखिएको छ :-

(ङ) दफा ६ को उपदफा (३) अनुसार संघ संस्था तथा फर्महरुबाट कार्यक्रम संचालन गर्न कार्यक्रमको प्रस्तावना माग सम्बन्धी देहाय बमोजिम गर्ने ;

I) एक लाख सम्मको कार्यक्रमको हकमा सोझै प्रस्तावना माग गर्ने,

II) एक लाख भन्दा माथि पाँच लाख सम्मको कार्यक्रमको हकमा कम्तिमा ३ वटा प्रस्तावना माग गर्ने,

III) पाँच लाख भन्दा माथिको कार्यक्रमको हकमा १५ दिनको समय सिमा राखी सार्वजनिक सूचना खोल्नु पर्नेछ ।

४. <u>मूल कार्यविधिको दफा ८ मा संशोधन :</u> मूल कार्यविधिको दफा ८ को :-

(१) उपदफा (१) को बुदा (ख) को सट्टा देहायको बुदा (ख) राखिएको छ :-

(ख) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी,

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

(२) दफा ८ को उपदफा (१) को बुदा (ख) मा जुन सुकै व्यवस्था भएता पनि ईच्छुक फर्मले कार्यक्रमको प्रस्तावना पेश गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५. मूल कार्यविधिको दफा ११ मा संशोधन : मूल कार्यविधिको दफा ११ को उपदफा (१) को बुदा (ख), (घ), (ङ), (च) झिकिएर देहायको क्रमबद्ध मिलाईएको छ :-

(१) (क) गाउँपालिका उपाध्यक्ष
संयोजक

.(ख) संयोजक, सामाजिक विकास समिति
सदस्य

(ग) प्रमुख, सामाजिक विकास शाखा
सदस्य सचिव

६. मूल कार्यविधिको दफा १३ मा संशोधन : मूल कार्यविधिको दफा १३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

(२) गाउँपालिका स्तरीय सामाजिक विकास कार्यक्रम कार्यान्वयन समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका अध्यक्ष
संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत
सदस्य

(ग) संयोजक, सामाजिक विकास समिति
सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा
सदस्य

(ङ) प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा
सदस्य

(च) संयोजकले तोकेको एक कर्मचारी
सदस्य

(छ) प्रमुख, सामाजिक विकास शाखा
सदस्य सचिव

७. मूल कार्यविधिको दफा १५ मा संशोधन : मूल कार्यविधिको दफा १५ को :-

(१) उपदफा (४) को (ग) को सट्टा देहायको उपदफा (४) को (ग) राखिएको छ :-

(ग) स्थायी लेखा नम्बर,

(२) उपदफा (५) को (ग) को सट्टा देहायको उपदफा (५) को (ग) राखिएको छ :-

(ग) स्थायी लेखा नम्बर,

(३) उपदफा (५) को (ग) पछि देहायको उपदफा (५) को (घ) थपिएको छ :-

(घ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(४) उपदफा (६) को (ग) को सट्टा देहायको उपदफा (६) को (ग) राखिएको छ :-

(ग) स्थायी लेखा नम्बर,

(५) उपदफा (६) को (ग) पछि देहायको उपदफा (६) को (घ) थपिएको छ :-

(घ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

(६) उपदफा (७) को (ग) को सट्टा देहायको उपदफा (७) को (ग) राखिएको छ :-

(ग) स्थायी लेखा नम्बर,

(७) उपदफा (७) को (ग) पछि देहायको उपदफा (७) को (घ) थपिएको छ :-

(घ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

८. मूल कार्यविधिको दफा १६ मा संशोधन : मूल कार्यविधिको दफा १६ को :-

(१) उपदफा (४) मा रहेको “सामाजिक विकास शाखा प्रमुख” भन्ने शब्दहरुको सट्टा “सामाजिक विकास समिति संयोजक” भन्ने शब्दहरु राखिएको छ ।

९. मूल कार्यविधिको दफा १७ मा संशोधन : मूल कार्यविधिको दफा १७ को :-

(१) उपदफा (१) को (ग) पछि देहायको उपदफा (७) को (घ) “कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी” भन्ने शब्दहरु थपिएको छ ।

१०. मूल कार्यविधिको दफा १८ मा संशोधन : मूल कार्यविधिको दफा १८ को :-

(१) उपदफा (१) मा रहेको “असार” भन्ने शब्दको सट्टा “जेठ मसान्त” भन्ने शब्दहरु राखिएको छ ।

आज्ञाले,

नामः ऋषभ देव खनाल

प्रमुख प्रशासकीय अधिकृत